**नेपालमा गैससहरुको जवाफदेहिता र सुशासन सबलिकरण (सगोन)**
**Strengthening Accountability and Governance of NGOs in Nepal (SAGON)**

# गैसस आचार संहिता, स्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन निर्देशिकाको अनुगमन गर्ने निर्देशिका

**२०७३**


**तयार गर्ने**

गैसस महासंघ नेपाल

वुद्धनगर काठमाण्डौ, नेपाल

## १. पृष्ठभूमी

गैरसरकारी क्षेत्रलाई व्यवस्थित गर्न र उनीहरुको काम प्रभावकारी बनाउने उद्देश्यका साथ गैरसरकारी संस्था महासंघ नेपालले एक आचारसंहिता जारी गरेको छ । त्यसबाहेक अन्तर्राष्ट्रियस्तरमा भएका विकास प्रभावकारिताका सिद्धान्तहरुलाई पनि गैसस महासंघले समर्थन र अंगिकार गर्दै आइरहेको छ । यसै सन्दर्भमा टर्कीको इस्तान्बुलमा सम्पन्न Open Forum for SCO Development Effectiveness को बैठकले सन् २०१० मा जारी गरेको विकास प्रभावकारितासम्बन्धी इस्टानबुल सिद्धान्तहरुलाई गैसस महासंघले समर्थन गर्दै अन्तर्राष्ट्रिय सहयोग परिचालनमा यस सिद्धान्तको परिपालना हुनुपर्ने कुराको वकालत गर्दै आइरहेको छ । यसका साथै गैरसरकारी संस्था महासंघ नेपालको विधान २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी गैरसरकारी संस्था, गैरसरकारी संस्थाका पदाधिकारी, सदस्य, कर्मचारी एवं स्वयंसेवकहरूको आचरण सम्बन्धमा सोह्रौं साधारणसभा (२०६७ वैशाख १३-१४) द्वारा पारित गरी यो आचारसंहिता जारी गरिएको हो । त्यसैले नेपालमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरुले उनीहरुले अंगिकार गरेको कार्यसञ्चालनका आधारभूत मार्गदर्शन पनि परिपालन गरियोस् भन्ने महासंघ चाहन्छ । यसै शिलशिलामा स्वीस दूतावास/स्वीस एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरोसनको सहयोगमा गैसस महासंघले सञ्चालन गरेको नेपालमा गैससहरुको सुशासन सबलिकरण कार्यक्रमअन्तर्गत गैससको अनुगमनकोलागि यो निर्देशिका तयार गरिएको छ । यसमा गैरसरकारी क्षेत्रले पालना गर्नुपर्ने आचार संहिता तथा माथि उल्लेख गरिएका इस्तान्बुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन मार्गनिर्देशिका समावेश गरिएको छ । माथि उल्लेखित गरेका विषयहरुमा गैसस संस्थाहरुले के कति मात्रामा लागू गरेका छन् भन्ने विषयमा गैरसरकारी संस्था महासंघ नेपालले जिल्लाहरुमा अनुगमन गर्ने भएको छ ।

## २. उद्देश्य

यस निर्देशिकाको मुख्य उद्देश्य भनेको गैसस महासंघले जारी गरेको आचार संहिता, नागरिक संगठनको विकास प्रभावकारिता सम्बन्धी इस्तानबुल सिद्धान्त र आधारभूत कार्यसञ्चालन निर्देशिकाको के कति मात्रामा लागू भएका छन् भन्ने विषयमा अनुगमन गर्ने रहेको छ ।

## ३. अनुगमन कार्यक्रमकोलागि जिल्ला शाखाहरुको छनौट

अनुगमनकालागि निम्न जिल्लाहरु छनौट गरिएका छन् ।

पूर्वाञ्चल : उदयपुर, सप्तरी र ताप्लेजुङ

मध्यमाञ्चल : धादिङ, रामेछाप, ललितपुर, सर्लाही

पश्चिम : बाग्लुङ, गोर्खा, पाल्पा

मध्यपश्चिम : जाजरकोट, रोल्पा र जुम्ला

सुदुरपश्चिम : कन्चनपुर र अछाम

## ४. सहभागिता

यस अनुगमन कार्यक्रममा महासंघका सदस्य संस्थाहरुलाई सहभागी गराउनु पर्नेछ भने सहजीकरणको लागि गैसस महासंघ केन्द्र वा क्षेत्रका प्रतिनिधिहरु श्रोत व्यक्तिका रुपमा आउनेछन् । अनुगमनमा जम्मा जिल्लामा कार्यरत गैससहरु मध्ये Randomly छनौट गरी १२ वटा संस्थाहरुका जिम्मेवार अधिकारीहरुको सहभागिता रहनु पर्नेछ ।

## ५. अनुगमन कार्यक्रमको अवधि

जिल्लास्तरमा आयोजना गरिने अनुगमनको कार्यक्रम अवधि झण्डै ३ घण्टाको रहने छ ।

## ६. अनुगमनको कार्यक्रम गर्ने स्थान

अनुगमन कार्यक्रमको आयोजना गर्ने जिल्ला सदरमुकाममा कुनै उपयुक्त स्थान छनौट गर्नु पर्नेछ ।

**७. अनुगमन कार्यक्रमको आयोजक तथा व्यवस्थापन**

गैसस महासंघ नेपाल जिल्लाशाखा यस अनुगमन कार्यक्रमको आयोजक हुनेछन् । तसर्थ, अनुगमनको सम्पूर्ण व्यवस्थापनको जिम्मा जिल्ला शाखाको हुनेछ ।

**८. गैसस महासंघ केन्द्रको जिम्मेवारी**

अनुगमनको सम्पूर्ण प्रक्रियामा प्राविधिक रुपमा सहजिकरण गर्नु र उपलब्ध श्रोत साधानको व्यवस्थापन गर्नु केन्द्रको मुख्य जिम्मेवारी हुनेछ । बिशिष्ट रुपमा केन्द्रको जिम्मेवारीहरु निम्न बमोजिम हुनेछन् :

- क्षेत्रहरुसँग नियमित सम्पर्क गरी अनुगमनको कार्य चुस्त दुरुष्ट र प्रभावकारी बनाउनु,
- क्षेत्रबाट उपलब्ध सिफारिसहरु संकलन गरी अभिलेख राख्नु र प्रतिवेदन तयार गर्नु ।

**९. गैसस महासंघ नेपाल क्षेत्रको जिम्मेवारी**

क्षेत्रमा अनुगमन समितिको बैठक आयोजना गर्ने र अनुगमन प्रक्रियामा आवश्यक श्रोत साधनको व्यवस्था गर्ने र उपयुक्त वातावरण तयारगर्ने कार्यमा क्षेत्रले सहयोग पुऱ्याउनु पर्नेछ । क्षेत्रको जिम्मेवारीहरु निम्न बमोजिम हुनेछ :

- जिल्लाको छनौट गर्ने
- जिल्लाबाट प्राप्त प्रतिवेदन अध्ययन र लेखाजोखा गर्ने
- अनुगमन प्रक्रियामा सामेल हुन छनोटमा परेको जिल्ला शाखालाई सूचना जारी गर्ने
- अनुगमन प्रक्रियामा अनुगमन समितिलाई सहयोग उपलब्ध गराउने
- अनुगमनको नतिजा बारे केन्द्रमा जानकारी गर्ने

**१०. अनुगमनका आधारहरु**

जिल्लाशाखाहरुमा गैसस महासंघले जारी गरेको आचारसंहिता, नागरिक संगठनको विकास प्रभावकारिता सम्बन्धी इस्तानबुल सिद्धान्त र आधारभूत कार्यसञ्चालन निर्देशिकाको के कति मात्रामा लागू भएका छन् भन्ने विषयमा गैरसरकारी संस्था महासंघ नेपालले जिल्लाशाखाको छनौटकालागि निर्देशिकामा आधारित भएर गर्नु पर्नेछ ।

- यो अनुगमन कार्य गर्नकोलागि केन्द्रले केही प्राविधिक सहयोग गर्ने भएता पनि अनुगमनको मुख्य जिम्मा शाखाको हुनेछ ।
- यो कार्य गर्नको लागि हरेक जिल्लामा ३ जनाको एउटा अनुगमन टोलीको निर्माण गर्नु पर्नेछ । जसमा जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र गैसस महासंघ समावेश गर्नु पर्नेछ ।
- दोश्रो वर्ष पाँचै विकास क्षेत्रमा जम्मा १५ वटा जिल्लाहरुको अनुगमन गरिने छ ।
- अनुगमनबाट आएका परिणामहरु जिल्ला शाखाको वैठकमा छलफल गर्नु पर्नेछ ।
- अनुगमन गर्नको लागि अनुगमन फारम बनाईने छ ।

**११. अनुगमन प्रकृया**

- अनुगमनको लागि भेलामा सहभागी नमूना छनौट संस्थाका अधिकारीहरुसँग छलफल गर्दै अनुगमन फारम भर्न लगाउनु पर्नेछ ।
- छलफलका क्रममा आएका सूचनाहरु टिपोट गर्नु पर्ने छ । कुन व्यवस्था कार्यान्वयन गर्न गाह्रो वा कार्यान्वयन हुन नसकेको, किन नसकिएको र के गर्दा कार्यान्वयन हुन सक्ला वा अरु केही सुझाव छ कि भनी प्रश्न गर्नु पर्ने छ ।
- अनुगमन क्रममा आएका तथ्यहरुलाई समेटेर प्रतिवेदन तयार गर्नुपर्नेछ ।

## १२. बजेट, खर्च तथा लेखा व्यवस्थापन

प्रत्येक जिल्लालाई अनुगमन कार्यको लागि रु.१५,००० सम्म उपलब्ध गराउन सकिने छ। जिल्लाको माग अनुसार ८० प्रतिशत सम्म पेश्की उपलब्ध गराउन सकिने छ । साथै भुक्तानी गरिने पारिश्रमिक रकममा नेपाल सरकारको आयकर ऐन २०५८ बमोजिम स्रोतमा १५ प्रतिशतको दरले कर कट्टी गरिनु पर्नेछ। त्यसैले निम्न तालिका बमोजिम बजेट शीर्षकहरु भित्र रहेर बजेट खर्च गर्नुपर्नेछ । खर्चको सम्पूर्ण सक्कल बिल भरपाइहरु केन्द्रमा बुझाउनु पर्ने भएकोले खर्चसँग सम्बन्धित बिल भरपाई तथा कागजातहरु सुरक्षित तरिकाले राख्नु पर्नेछ।

| SN | Headings | Units | No. | Rate | Amount |
|---|---|---|---|---|---|
| 1 | Food/Snacks for districts (15 persons x Rs. 300) | Persons | 15 | 300 | 4,500 |
| 2 | Stationery/Photocopy (14 persons x Rs. 50 ) | Persons | 14 | 50 | 700 |
| 3 | Travel Cost for Districts (15 persons x Rs. 100) | Persons | 15 | 100 | 1,500 |
| 4 | Remuneration for monitors (3 persons x Rs. 2000) | No. | 3 | 2,000 | 6,000 |
| 5 | Communication | Lumpsum | 1 | 300 | 300 |
| 6 | Coordination | Persons | 1 | 2,000 | 2,000 |
| | Total | | | | 15,000 |

*अनुसूची १*

**गैरसरकारी क्षेत्रले पालना गर्नुपर्ने आचार संहिता, स्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन निर्देशिकाको अनुगमन फारम**

**संस्थाको नाम :**

**जम्मा सदस्य संख्या :**

**मूल्यांकन मिति :**

अनुगमनका तत्वहरु आधारमा मूल्याङ्कन गरी ४ देखि १ अंक प्रदान गर्ने ।

| क्रियाकलावहरु | अतिरा म्रो (४) | रा म्रो (३) | सन्तोष ाजनक (२) | सुधार गर्नु पर्ने (१) | कैफियत (मूल्यांकनका क्रममा भेटिएका केहि उल्लेख्य विवरण भए) |
|---|---|---|---|---|---|
| **१.सामाजिक जिम्मेवारी र पेसागत आचरण** | | | | | |
| १.१ गैसस महासंघ र यसका सदस्य संस्थाहरूले सामाजिक विकास र स्वयंसेवाका गतिविधिमा उच्च प्राथमिकता दिनुपर्छ । | | | | | |
| १.२ मानवीय सेवा, सार्वजनिक हितको संरक्षण र सम्वर्द्धनका लागि सदैव क्रियाशील हुनुपर्छ । | | | | | |
| १.३ साझा मानवीय मूल्य र उद्देश्यका लागि गैससहरूले राजनीति, धर्म, संस्कृति, वर्ण तथा जातजातिको संकिर्ण घेराभन्दा बाहिर रहेर काम गर्न तयार रहनुपर्छ । | | | | | |
| १.४ पेसागत नैतिकता एवं मर्यादालाई उच्च प्राथमिकता दिनुपर्छ । | | | | | |
| १.५ गैसस महासंघको विधानसम्मत् आचरण गर्नुपर्छ । | | | | | |
| १.६ सदस्य गैससहरूले कुनै पनि क्रियाकलाप सञ्चालन गर्दा वातावरण संरक्षण तथा जलवायु परिवर्तनप्रति जिम्मेवार भई संवेदशीलता प्रदर्शन गर्नुपर्छ । | | | | | |
| १.७ सदस्य संस्थाहरूले आफ्नो कार्यक्षेत्रमा कार्यसम्पादन गर्दा समावेशीकरणको सिद्धान्त र प्रक्रियालाई आत्मसात । | | | | | |
| **२. मानवअधिकार र स्वतन्त्रताको सम्मान** | | | | | |
| २.१ कुनै पनि गैससले कुनै पनि व्यक्तिको मानवअधिकार उल्लंघन गर्ने क्रियाकलाप गर्नु हुँदैन । | | | | | |
| २.२ नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवीय कानुन, सन्धि-सम्झौता तथा घोषणापत्र पालना गर्नु गैससहरूको कर्तव्य हुनेछ । | | | | | |
| २.३ लोकतन्त्रका आधारभूत सिद्धान्त र सामाजिक न्यायसम्बन्धी मूल्य-मान्यतामा आँच आउने कुनै पनि कार्य गर्नु हुँदैन । | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.४ प्रत्येक गैससले आफ्नो लक्षित समुदायको नैतिक मूल्य-मान्यता, धर्म, भाषा, रीतिरिवाज, परम्परा र संस्कृतिप्रति संवेदनशील हुनुपर्छ । | | | | | |
| २.५ गैससका क्रियाकलापहरू सामाजिक समावेशी, लैंगिकतामैत्री तथा बालश्रममुक्त हुनुपर्छ । | | | | | |
| **३. निरपेक्षता र तटस्थता** | | | | | |
| ३.१ संस्थागत रूपमा कुनै पनि राजनीतिक दल वा दलगत राजनीतिक विचारको प्रचारप्रसार गर्ने, राजनीतिक प्रभाव पार्ने वा राजनीतिक पूर्वाग्रह राखेर काम गर्नु/गराउनु हुँदैन । | | | | | |
| ३.२ संस्थागत रूपमा कुनै पनि धर्म, धर्म विशेषको अनुकूल वा प्रतिकूल हुने गरी प्रचारप्रसार वा विरोध गर्ने कार्य गर्नु हुँदैन । | | | | | |
| ३.३ कुनै पनि जात, जाति, भाषा, वर्ण, धर्म, लिंग, उमेर, शारीरिक अवस्था र क्षेत्रीयताका आधारमा भेदभाव वा पक्षपात हुने कार्य गर्नु हुँदैन । | | | | | |
| ३.४ संस्थाका आन्तरिक तथा बाह्य स्रोत-साधन उपयोग, अवसर र वितरणमा विभेदजन्य व्यवहार गर्नु हुँदैन । | | | | | |
| **४. सहयोगात्मक मानवीय व्यवहार** | | | | | |
| ४.१ आफ्नो कार्यक्षेत्रको लक्षित समुदायका बालबालिका, महिला, अपांगता भएका नागरिक, वृद्ध-वृद्धा र समाजमा पछाडि पारिएका वर्ग, समुदाय र क्षेत्रप्रति सहयोगी व्यवहार गर्नुपर्छ । | | | | | |
| ४.२ प्राकृतिक प्रकोप, आपत-विपद् परेका बेला स्रोत-साधनले भ्याएसम्म प्रभावित क्षेत्रमा तत्काल गई राहत कार्यमा सहयोग गर्नुपर्छ वा सहयोगका लागि वातावरण बनाउन पहल गर्नुपर्छ । | | | | | |
| ४.३ आफ्नो कार्यक्षेत्रमा कार्यरत सेवामुखी स्थानीय संघसंस्था तथा व्यक्तिलाई उनीहरूको कार्यमा स्रोत-साधनले भ्याएसम्म सहयोग गर्नुपर्छ । | | | | | |
| ४.४ मानवीय सेवा, सहायता तथा यसप्रकारका क्रियाकलापको प्रवर्द्धन र विकासमा सदैव प्रयासरत रहनुपर्छ । | | | | | |
| **५. ५. आन्तरिक सुशासन, पारदर्शिता र जवाफदेहिता** | | | | | |
| ५.१ संस्थाहरूले विधिको शासनको सिद्धान्तलाई आत्मसात् गरी संस्थाका क्रियाकलाप सञ्चालन गर्नुपर्छ । | | | | | |
| ५.२ सरकार, सर्वसाधारण नागरिक, सहयोगी संस्था, साझेदार निकाय, लाभग्राही तथा अन्य सरोकारवाला निकायसँग व्यवहार गर्दा पारदर्शी ढंगले गर्नुपर्छ । | | | | | |
| ५.३ वित्तीय कारोवार, विधि-विधान एवं कार्य प्रणाली, कार्यकारी बोर्ड र साझेदारी निकायसम्बन्धी सम्पूर्ण सूचना सधैं खुला र सर्वसाधारणको पहुँचमा हुनुपर्छ । | | | | | |
| ५.४ आफ्ना कार्यहरू र स्रोत-साधनको उपयोगिताबारे सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षणलगायतका | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| विधिमार्फत नियमित रूपमा सार्वजनिक जानकारी गराउनुपर्छ । | | | | | |
| ५.५ आफ्ना काम तथा निर्णयको सन्दर्भमा आफ्ना सहयोगी निकाय, सरकार, लाभग्राही समुदाय, साधारण सदस्य तथा साझेदार निकायप्रति पनि उत्तिकै जवाफदेही हुनुपर्छ । | | | | | |
| ५.६ गैससहरूबाट प्रवाह हुने कुनै पनि सूचना सत्य र सही हुनुपर्छ । | | | | | |
| ५.७ आफूहरूमध्ये कर्मचारी, कार्यकारी बोर्ड, स्वयंसेवक, साझेदार वा सेवाप्रदायकबाट भएका कार्य गलत देखिएमा तत्काल सच्याउनुपर्छ र पुनः गल्ती नगर्ने पाठ सिक्नुपर्छ । | | | | | |
| ५.८ आन्तरिक लोकतन्त्र, खुला सदस्यता र सुशासनको विकास गरी आफ्ना सबै संरचनामा समानुपातिक र समावेशी प्रतिनिधित्वको सिद्धान्तलाई अंगीकार गर्नुपर्छ । | | | | | |
| ५.९ पछाडि पारिएका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्न गराउन सकारात्मक विभेदको सिद्धान्तलाई अवलम्बन गर्नुपर्छ । | | | | | |
| **६. ६. आर्थिक अनुशासन** | | | | | |
| ६.१ कुनै दातृ निकायबाट वित्तीय वा अन्य कुनै प्रकारको सहयोग लिँदा संस्थाका उद्देश्य तथा सिद्धान्तलाई योगदान पुग्नेगरी र राज्यको विद्यमान कानुनबमोजिम प्राप्त गर्नुपर्छ । | | | | | |
| ६.२ प्रत्येक गैससले आफ्नो बजेट नियमित वार्षिक साधारणसभाबाट पारित गराई स्वीकृत बजेटअनुसार मीतव्ययी ढंगले सञ्चालित हुनुपर्छ | | | | | |
| ६.३ संस्थाको कुनै पनि चल-अचल सम्पत्ति आफ्नो मनोमानी खर्च गर्ने, व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्ने, मास्ने वा हानि-नोक्सानी हुने कार्य गर्नु हुँदैन । | | | | | |
| ६.४ प्रत्येक गैसस गैरनाफामूलक संस्थाका रूपमा सञ्चालन हुनुपर्छ । संस्थाको अतिरिक्त आम्दानी वा बचतलाई नाफाको रूपमा लिई कुनै पनि कार्यकारी, सदस्य वा कर्मचारीलाई लाभांश वितरण गर्नु हुँदैन । | | | | | |
| ६.५ संस्थाको नीति-नियमले तोकेभन्दा बढी वा नियममा उल्लेख नभएको रकम वा सुविधा आफूखुसी उपयोग गर्नु हुँदैन । | | | | | |
| ६.६ प्रत्येक गैससले वित्तीय कारोबारको आन्तरिक नियन्त्रण र परीक्षणका लागि उपयुक्त नियन्त्रण प्रणाली र लेखापरीक्षण गर्ने पद्धति अभ्यासमा ल्याएको हुनुपर्छ । उपरोक्त पद्धति तथा अभ्यास प्रचलित कानुनबमोजिम हुनुपर्छ । | | | | | |
| ६.७ संस्थाको आर्थिक कारोबार प्रचलित नियम, कानुन र विधिसम्मत् ढंगले अधिकारप्राप्त अधिकारीद्वारा प्रमाणित गरी चुस्त-दुरुस्त अभिलेख राख्नुपर्छ । | | | | | |
| **७. स्वायत्तता तथा आपसी सद्भाव** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.१ कुनै पनि गैसस सरकार, अन्तरसरकारी निकाय वा कुनै अन्तर्राष्ट्रिय संघसंस्थाको अंग वा उनीहरूबाट प्रत्यक्ष नियन्त्रित हुनुहुँदैन । | | | | | |
| ७.२ संस्थाको मूल उद्देश्यमा आँच नआउने गरी संविधानले दिएको अधिकार प्रयोग गरी गैससका पदाधिकारी/सदस्यले आफ्नो विचार राख्नुपर्छ । तर, यसरी आफ्नो विचार प्रकट गर्दा अरुलाई व्यक्तिगत रूपमा आक्षेप लगाउने कार्य गर्नु हुँदैन । | | | | | |
| ७.३ प्रत्येक गैसस, त्यसका पदाधिकारी, सदस्य, कर्मचारी तथा स्वयंसेवकले गैससहरूको हकहितसंरक्षण, प्रवर्द्धन र पक्षपोषणगर्नुपर्छ । | | | | | |
| ७.४ कुनै पनि निकायबाट वित्तीय तथा अन्य कुनै खालको सहयोग लिँदा संस्थाको उद्देश्य तथा निर्देशक सिद्धान्तलाई योगदान पुग्ने गरी लिनुपर्छ । | | | | | |
| **८. ८. आत्मनिर्भरता तथा दिगोपना** | | | | | |
| ८.१ सदस्य संस्थाले सामाजिक/सामुदायिक गतिविधि सञ्चालन गर्दा आत्मनिर्भरता र दिगोपनाका लागि आवश्यकतानुसार अल्पकालीन र दीर्घकालीन कार्यक्रम सञ्चालन गर्नुपर्छ । | | | | | |
| ८.२ संस्थाको संस्थागत विकासतर्फ प्रत्येक सदस्यले रचनात्मक रूपमा निरन्तर लागिरहनुपर्छ । | | | | | |
| **९ मानव संसाधन व्यवस्थापन** | | | | | |
| ९.१ प्रत्येक गैससले कर्मचारी वा स्वयंसेवक छनोट गर्दा संस्थाको उद्देश्यप्रति प्रतिबद्ध हुने सक्षम र जिम्मेवार व्यक्तिहरू छनोट गर्नुपर्छ | | | | | |
| ९.२ कर्मचारी वा स्वयंसेवक राखी काम गर्ने प्रत्येक गैससले लिखित रूपमा मानव संसाधन नीति बनाएर लागू गर्नुपर्छ । त्यस्ता नीतिमा कर्मचारीहरूको पारिश्रमिक र अन्य सुविधाका विषयबारे स्पष्ट व्यवस्था गरिएको हुनुपर्छ । | | | | | |
| ९.३ प्रत्येक गैससले आफ्ना सदस्य तथा कर्मचारीलाई व्यक्तित्व विकास गर्ने अवसर वा वातावरण दिनुपर्छ । | | | | | |
| ९.४ गैससले कार्यकारी समिति, कर्मचारी वा स्वयंसेवक छनोट र परिचालन गर्दा समानुपातिक र समावेशी सिद्धान्तलाई अंगिकार गर्नुपर्छ । | | | | | |
| **१०. समन्वय र सहकार्य** | | | | | |
| १०.१ आफ्नो कार्यक्षेत्रभित्र रही राष्ट्रिय र स्थानीयस्तरका विभिन्न सरकारी, गैरसरकारी तथा निजी संघसंस्था वा लाभग्राही र अन्य सरोकारवालासँग समन्वय कायम गरी कार्य गर्नुपर्छ । | | | | | |
| १०.२ समान उद्देश्य तथा कार्यक्रम भएका विभिन्न संघसंस्था एवं सञ्जालसँग समान सम्बन्धका आधारमा सम्पर्क, समन्वय र साझेदारीको विकास गर्नुपर्छ । | | | | | |
| १०.३ संस्थाका उद्देश्य, लक्षित समुदाय र कार्यक्षेत्र जुध्न गएका कारण हुन सक्ने अस्वस्थ प्रतिस्पर्धा, सेवा तथा कामको दोहोरोपना वा एक-अर्काप्रति अवरोध वा निषेध गर्नेजस्ता कार्यबाट गैससहरू पूर्ण रूपमा मुक्त हुनुपर्छ । | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०.४ गैसस महासंघ नेपालका केन्द्रीय, क्षेत्रीय तथा जिल्ला शाखासँग आवश्यक सम्पर्क र समन्वय कायम गरी संस्थाका गतिविधि अगाडि बढाउनुपर्छ । | | | | | |

## इस्तान्बुल सिद्धान्त

| अनुगमनका क्षेत्र एवं सूचकहरु | अतिराम्रो (४) | राम्रो (३) | सन्तोषजनक (२) | सुधार गर्नु पर्ने (१) | कैफियत (मूल्यांकनका क्रममा भेटिएका केहि उल्लेख्य विवरण भए) |
|---|---|---|---|---|---|
| **सिद्धान्त १. सामाजिक न्याय र मानवअधिकारको सम्मान र प्रवर्द्धन गर्ने**<br>नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब तिनीहरू व्यक्तिगत र सामूहिक मानवअधिकारको प्रवर्द्धनका लागि विकास अधिकारलाई समावेश गर्दै सबै जनताको सम्मानित जीवन, मर्यादित कार्य, सामाजिक न्याय र समताका लागि रणनीति, क्रियाकलाप र अभ्यास विकास गरी कार्यान्वयन गर्छन् ।<br>**मार्गदर्शन** | | | | | |
| • मानवअधिकारमा आधारित विकास प्रक्रियालाई कार्यान्वयन गर्ने । | | | | | |
| • प्रभावित जनताका अधिकारको सुरक्षा, सहयोग र कार्यमूलक बनाउने र विकास प्रक्रियामा महिला सहभागिताका लागि उनीहरूको सशक्तिकरण गर्ने । | | | | | |
| • बहुपक्षीय नीति, संवादहरूमा प्रभावित समुदायको सहभागिताका लागि सशक्तीकरण गराउने र उनीहरूको क्षमता विकास गर्ने । | | | | | |
| • प्रभावित समुदायहरूको स्वतन्त्र, पूर्व र सुसूचित सहमति लिन सकिने गरी जायज विधि कार्यान्वयन गर्ने | | | | | |
| • मापन गर्न सकिने सूचक स्थापित गर्ने । | | | | | |
| **सिद्धान्त २. महिला र बालिकाको अधिकार प्रवर्द्धन गर्दा लैंगिक समानता र समन्यायको प्रतिनिधित्व गर्ने**<br>नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब उनीहरू महिला सरोकार र अनुभवलाई आत्मसात् गर्दै विकास सहयोगमा लैंगिक समताको प्रवर्द्धन र अभ्यास गर्छन् ।<br>**मार्गदर्शन** | | | | | |
| • नागरिक संगठनहरूको विधिगत अभ्यासमा लैंगिक समानता र महिलाका अधिकारलाई समायोजन र कार्यान्वयन गर्ने । | | | | | |
| • कार्यक्रम योजनाहरूमा खण्डीकृत तथ्यांकसहित लैंगिक सूचक र विश्लेषणलाई समेत ध्यान दिने । | | | | | |
| • लैंगिक समानता र महिला अधिकारमा क्षमता अभिवृद्धिका लागि साझेदारीमा लगानी गर्ने । | | | | | |
| • बहुपक्षीय नीति र संवादमा साझेदारीका लागि अवसर खोजी गर्ने । | | | | | |
| **सिद्धान्त ३. नागरिकहरूको सशक्तीकरण, लोकतान्त्रिक स्वामित्व र सहभागितामा केन्द्रित हुने**<br>नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब तिनीहरू जनता- खासगरी गरिब र सीमान्तकृतका लागि नीति प्रक्रिया र विकासका प्रयासमा लोकतान्त्रिक स्वामित्व विस्तार गर्न उनीहरूको सशक्तीकरण र जनताको समावेशी सहभागिताका लागि सहयोग गर्छन् ।<br>**मार्गदर्शन** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| • विकास प्रयासबाट प्रत्यक्ष प्रभाव पर्ने महिला तथा पुरुषहरूको सशक्तीकरणमा कार्यक्रम तर्जुमा केन्द्रित गर्ने । | | | | | |
| • स्थानीय लोकतान्त्रिक निर्णय प्रक्रियाका लागि सहभागितामूलक उधो-उँभो प्रक्रिया (द्ययततफ( गउ ब्उउचयबअज) लाई प्रवर्द्धन गर्ने र सरोकारवालाहरुको प्रतिनिधित्वमा विविधतासहितको संग्लग्नतालाई बलियो बनाउने । | | | | | |
| • संकल्प, वकालत र अनुगमन गर्दै गरिब र राजनीतिकरूपमा सीमान्तकृत महिला तथा पुरुषका आवाजलाई विकासका सार्वजनिक नीतिमा बहुपक्षीय संवादमार्फत सबलीकरण गर्ने । | | | | | |
| • विकासमा सबै सहभागीलाई समान व्यवहार गर्ने भन्ने कार्य भएको छ या छैन ? | | | | | |
| • दातृ राष्ट्रका सार्वजनिक क्षेत्रबीच विकासको जटिलताबारे सचेतना बढाउने । | | | | | |
| • दातृनिकायका रूपमा काम गर्दा नागरिक संगठनहरूलाई स्वाभिमान बनाउन उनीहरूको क्षमता विकास र दिगो स्वविकासका लागि लगानी गर्ने । | | | | | |
| **सिद्धान्त ४. वातावरणीय दिगोपनालाई प्रवर्द्धन गर्ने**<br>नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब तिनीहरू वर्तमान र भावी पुस्ताका लागि वातावरणीय दिगोपनाका लागि प्राथमिकता र पद्धति विकास र कार्यान्वयन गर्छन् ।<br>**मार्गदर्शन** | | | | | |
| • नागरिक संगठनका नीति, अभ्यास, कार्यक्रम तर्जुमा, नक्सांकन, वकालती र सार्वजनिक संलग्नतामा स्पष्टसँग वातावरणीय दिगोपनका सवाललाई समावेश गर्ने । | | | | | |
| • वातावरण र विकासमा संग्लग्न नागरिक संगठनबीच रणनीतिक सम्बन्ध र साझेदारी निर्माण गर्ने । | | | | | |
| • स्वस्थ वातावरणमा बस्न र काम गर्न पाउने जनताको अधिकारलाई प्रवर्द्धन र सम्मान गर्ने, साथै आदिवासी समुदायको वातावरणमैत्री अभ्यासमा मद्दत गर्ने । | | | | | |
| • गरिबीमा बाँचेका र सीमान्तकृत समुदायको जल, जमिन र आवास अधिकार र प्राकृतिक स्रोतमा उनीहरूको अधिकतम नियन्त्रणलाई प्रवर्द्धन गर्ने । | | | | | |
| • जलवायुमा भइरहेको नकारात्मक प्रभाव, जैविक विविधतामा भइरहेको क्षति र सबैखाले वातावरणीय क्षयीकरण र प्रदूषण न्यूनीकरणका लागि नीतिमा प्रभाव पार्ने र सान्दर्भिक/उपयुक्त पहल गर्ने । | | | | | |
| **सिद्धान्त ५. पारदर्शी र जवाफदेहीपूर्ण व्यवहार गर्ने** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब उनीहरू पारदर्शिता, बहुपक्षीय जवाफदेहिता र सदाचारका लागि दिगो र संस्थागत प्रतिबद्धता प्रदर्शन गर्छन् ।<br>**मार्गदर्शन** | | | | | |
| • नागरिक संगठनहरूको पहिचान र विश्वसनीयताका लागि सार्वजनिक जवाफदेहिता र पारदर्शी अभ्यासलाई औजारको रूपमा प्रवर्द्धन गर्ने । | | | | | |
| • परस्पर र बहुपक्षीय जवाफदेहिताका लागि सबैखाले संगठनात्मक नीति र अभिलेखमा नागरिकको सरल पहुँच हुने आधार सिर्जना गर्ने । | | | | | |
| • त्यस्ता अभ्यास कार्यान्वयन गर्ने, जसले एकआपस र बहुपक्षीय जवाफदेहितालाई दिगो बनाइराख्न सकोस् | | | | | |
| • दाताका रूपमा कार्य गरेको अवस्थामा सबै साझेदार संस्थामा पहुँचजन्य सूचना उपलब्ध गराउने । | | | | | |
| • सार्वजनिक सूचनाका लागि अनुरोध भए समयमै सही र पहुँचपूर्ण जवाफ दिने । | | | | | |
| • जवाफदेही र प्रभावकारी नेतृत्वसहित संस्थाभित्र पारदर्शी र लोकतान्त्रिक संस्कारको प्रवर्द्धन र अभ्यास गर्ने । | | | | | |
| **सिद्धान्त ६. समन्यायिक साझेदारी र ऐक्यबद्धता बढाउने**<br>नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब उनीहरू स्वतन्त्र र समान रूपले नागरिक संगठन र अन्य विकासकर्तासँग पारदर्शी सम्बन्ध राख्न प्रतिबद्धता व्यक्त गर्छन् ।<br>मार्गदर्शन | | | | | |
| • साझेदारी सम्झौताहरूमा साझेदारीका सर्तलाई स्पष्ट र खुलासँग परिभाषित गर्ने । | | | | | |
| • साँघुरो परियोजना सम्झौताको साझा विश्लेषण, कार्यक्रमका लक्ष्य र अनुगमनका लागि एकअर्काको परिपूरक कार्यपद्धति विकास गर्ने । | | | | | |
| • दातृ निकायका रूपमा काम गर्दा साझेदार संस्थाको कार्यक्रमका लक्ष्य, रणनीति र प्रशासनिक प्रणालीसँग मेल खाने गरी काम गर्ने । | | | | | |
| • ऐक्यबद्धताका लागि संयुक्त प्रयासलाई सबलीकरण गर्ने र आन्तरिक तथा अन्तर्राष्ट्रिय रूपमा साझा कार्यका लागि सद्भाव सिर्जना गर्ने । | | | | | |
| • विद्यमान जोखिम व्यवस्थापन, अनुगमन, मूल्यांकन, सूचना आदानप्रदान र सहसिकाइ प्रक्रियाका लागि परस्पर सहमत सर्त र संयन्त्र स्थापना गर्ने । | | | | | |
| • सार्वजनिक संग्लग्नता हुने कार्यमा लगानी गर्ने, जसले घरेलु अवस्था र सवाललाई साझेदारका वास्तविकता र अनुभवसँग सामिप्यता राख्न सकोस् । | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **सिद्धान्त ७. ज्ञान र सीप सिर्जना तथा आदानप्रदान गर्ने र संयुक्त सिकाइमा प्रतिबद्ध रहने**<br>नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब उनीहरूले विकास अभ्यास र परिणामलाई एकीकृत गर्दै आफ्ना अनुभव, अन्य नागरिक संगठन र विकासकर्ताबाट सिक्ने तरिकालाई विकास गर्छन् ।<br>**मार्गदर्शन** | | | | | |
| • व्यवस्थित परस्पर सिकाइ र आदानप्रदानका लागि अवसर र अनुकूल वातावरण सिर्जना गर्ने । | | | | | |
| • व्यावसायिक र नैतिक जिम्मेवारीका विधि र औजार स्थापित गर्ने । | | | | | |
| • सञ्जाल, संयन्त्र र बहुपक्षीय संवादमार्फत ज्ञान आदानप्रदान गर्न साझेदारीलाई प्रोत्साहन गर्ने । | | | | | |
| • विकास पहल र नीति संवाद, स्थानीय मौलिक ज्ञान, पौराणिक ज्ञान, आत्मीयतालाई आभार गर्दै सहजीकरण गर्ने । | | | | | |
| **सिद्धान्त ८. दिगो परिवर्तनका लागि सकारात्मक बुझाइ आवश्यक छ भन्नेमा प्रतिबद्ध रहने**<br>नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब उनीहरूले गरिब र सीमान्तकृत समूहलाई प्राथमिकता दिँदै विकास क्रियाकलापबाट दिगो प्रभाव पार्न परिणाम र जनतामा दिगो परिवर्तन ल्याउन जोड दिने कुरामा साझा पहल गर्छन् ।<br>**मार्गदर्शन** | | | | | |
| • साझा र परस्पर स्वीकार गरिएका विकास लक्ष्यमा गरिएका क्रियाकलापबाट दिगो प्रभावलाई अधिकतम बनाउन अरु विकास सरोकारवाला पक्षसँग साझेदार र नीति संवादलाई बलियो बनाउने । | | | | | |
| • रोजगारी र जीविकोपार्जनकेन्द्रित आर्थिक विकास पहललाई समावेश गर्दै निजी क्षेत्रलाई पनि विकास कार्यक्रममा सक्रिय गराउने । | | | | | |
| • विकास योजना तर्जुमा, अनुगमन र मूल्यांकनमा सहभागितामूलक औजार उपयोग गर्ने । | | | | | |
| • बृहत् क्षमता विकास कार्यक्रममार्फत नागरिक संगठनको क्षमता सुधार गर्ने । | | | | | |
| • आर्थिक परिचालनको आधारलाई विस्तार गर्दै नागरिक संगठनहरूको दिगोपना र स्वतन्त्रतालाई सबलीकरण गर्ने । | | | | | |
| • सहकर्मी र अधिकार क्षेत्रभित्र दोहोरो सञ्चारलाई अभिवृद्धि गर्दै जनतालाई विश्व नागरिकका रूपमा सक्रिय बनाउने र उनीहरूलाई शिक्षित बनाउने । | | | | | |

## Basic Operation Guideline

| अनुगमनका क्षेत्र एवं सूचकहरु | अति राम्रो (४) | राम्रो (३) | सन्तोष जनक (२) | सुधार गर्नु पर्ने (१) | कैफियत (मूल्यांकनका क्रममा भेटिएका केहि उल्लेख्य विवरण भए) |
|---|---|---|---|---|---|
| १. हामी नेपाली जनताको जीवनस्तरमा सुधार ल्याउन योगदान गर्नका लागि नेपालमा कार्यरत छौं । हाम्रा सहयोग गरिबी घटाउन, आधारभुत आवश्यकताहरु परिपुर्ति गर्न र समुदायहरुलाई आत्मनिर्भर हुनमा केन्द्रित हुनेछन् । | | | | | |
| २. स्थानीय समुदायहरुले स्वेच्छाले व्यक्त गरेका चाहनाबमोजिम हामी काम गर्दछौं र जनमर्यादा, तिनीहरुका संस्कृति, धर्म र रीतिरिवाजलाई सम्मान गर्दछौं । | | | | | |
| ३. हामीले नेपालको गरिब र सामाजिक रुपले पिछडिएका जनताहरुका लागि तिनीहरु जहाँतही बसेका भए पनि र जोसुकै भएपनि सहयोग पुऱ्याउदँछौ । हामी कुनै राजनीतिक, जातिगत वा धर्मका आधारमा नभई आवश्यकताका आधारमा मात्र सहयोगको लागि प्राथमिकता दिन्छौं । | | | | | |
| ४. हाम्रा सहयोग पारदर्शी गर्नेमा हामी सुनिश्चित छौं र हामीले गरिब जनता र तिनीहरुका समुदायहरुलाई कार्यक्रम तर्जुमा, व्यवस्थापन र कार्यान्वयनमा समेत सहभागी गराउँदछौं । हामीले सहयोग पुऱ्याउन खोजेको जनताप्रति र उक्त सहयोगका लागि स्रोत र साधन पुऱ्याउनेप्रति हामी जवाफदेही हुने छौं । | | | | | |
| ५. खासगरी लिंग, जातिगत, जात र धर्मका आधारमा गरिने भेदभाव र सामाजिक बहिष्कार जस्ता आचरणलाई सुधार्नमा हाम्रो सहयोगलाई सुनिश्चित गर्न खोजिने छ ।<br>६. हाम्रा कामका लगि चाहिने योग्यता भएका र काम सुहाउँदा कर्मचारीहरु मात्र भर्ना गर्दछौं । हामीले कुनै राजनीतिक र अन्य कुनै कुराहरुका आधारमा कर्मचारी छनौट गरी भर्ना गर्दैनौं । | | | | | |
| ७. हाम्रा कर्मचारीहरु र विकासमा साझेदारहरुलाई हिंसा, अपहरण, हैरानी र त्रास वा अन्य कुनै किसिमका धम्की दिने कार्य हामीलाई स्वीकार्य हुने छैन । | | | | | |
| ८. हाम्रा मुख्य मूल्य र मान्यताहरुलाई सम्झौता गर्न हाम्रा कर्मचारीहरुलाई बाध्य तुल्याउने ठाउँमा हामी कार्य गर्दैनौं | | | | | |
| ९. हाम्रा सहयोगलाई कुनै किसिमको सैनिक, राजनीतिक वा साम्प्रदायिक अभिप्रायका लागि प्रयोग गर्ने कुरा हामीलाई मान्य हुने छैन । | | | | | |
| १०. हामी राजनीतिक दलहरुलाई कुनै किसिमका चन्दा प्रदान गर्दैनौं । साथै कुनै किसिमका करकापमा नगद वा जिन्सी कसैलाई प्रदान गर्दैनौं । | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. हाम्रा कार्यक्रममा उल्लेखित उद्देश्यहरु परिपुर्ति गर्न बाहेक अन्य कार्यहरुमा हाम्रा उपकरण, मालसामानहरु र साधनहरु प्रयोग गर्न दिइने छैन । हाम्रा सवारी साधनहरु हाम्रा विकास कार्यक्रमहरुसँग प्रत्यक्ष सम्बन्ध नभएका व्यक्तिहरु वा मालसामानहरु ढुवानी गर्नमा प्रयोग गरिन छैन । हाम्रा सवारी साधनहरु सशस्त्र सैनिक वा जंगी पोसाक लगाएका कर्मचारीहरु ओसारपसार गर्न प्रयोग गरिने छैन भन्ने कुराको पालना भएको या नभएको छ या छैन वा गर्ने तयारीमा । | | | | | |
| १२. विकासका लागि वा मानवीय प्रयोगका लागि ल्याइएका मालसामानहरुको चोरी, अन्य कार्यमा प्रयोग गर्ने वा दुरुपयोग गर्ने जस्ता कार्यहरु हामीलाई मान्य हुने छैन । यस्ता मालसामानहरु विना रोकटोक विकास कार्यस्थलसम्म पुऱ्याउन जरुरी छ । | | | | | |
| १३. हामी सबै सम्बन्धित व्यक्तिहरुलाई विकास कार्य र मानवीय कार्यहरुमा कार्यरत हाम्रा कर्मचारीहरुलाई सहयोगको आवश्यकता पर्ने जनतासम्म पुऱ्याउन र यी कार्यहरुका लागि चाहिने स्रोतसाधनहरु सकेसम्म चाँडो पुऱ्याउन र तिनीहरुको सुरक्षा गर्न, सुरक्षा दिन र विना रोकटोक आवगमन गर्न सहयोग गरिदिनहुन आग्रह गर्दछौं | | | | | |
| १४. हामी सम्बन्धित सबै पक्षले अन्तर्राष्ट्रिय मानवीय सिद्धान्तहरु तथा मानवअधिकार कानुनको स्पष्ट पालना गर्ने अपेक्षा राख्दै उनीहरूलाई यस निम्ति प्रोत्साहित गर्दछौं । | | | | | |

*अनुसूची २*

**आर्थिक निर्देशिका**

- **बजेट शीर्षक** : उपलब्ध बजेट रकम सहभागीहरुको लागि खाना/नास्ता, मसलन्द, फोटोकपी, यातायात, संचार, अनुगमनकर्ता पारिश्रमिक र कार्यक्रम संयोजक पारिश्रमिकमा मात्र खर्च गर्न सकिनेछ ।
- **कार्यक्रम संयोजक पारिश्रमिक :** तोकिएको कार्यक्रम संयोजकसँग ***अनुसूची ३*** नमूना बमोजिम करारनामा गर्नुपर्ने छ । संयोजकलाई पारिश्रमिक वापत रु. २००० मा १५ प्रतिशत वापत हुने रकम रु. ३०० कर कट्टा गरी रु. १७०० मात्र भुक्तानी दिन सकिने छ । रकम बुझि लिएको भर्पाई ***अनुसूची ७*** बमोजिम पनि हुनु पर्ने । राजश्व शीर्षक नं. ११११११ मा कर दाखिला गर्नु पर्ने र उक्त रसिद केन्द्रमा बुझाउनु पर्नेछ ।
- **अनुगमनकर्ताको पारिश्रमिक** : तोकिएको अनुगमनकर्तासँग ***अनुसूची ४*** नमूना बमोजिम करारनामा गर्नुपर्ने छ । अनुगमनकर्तालाई पारिश्रमिक वापत रु. २००० मा १५ प्रतिशत वापत हुने रकम रु. ३०० कर कट्टा गरी रु. १७०० मात्र भुक्तानी दिन सकिने छ । रकम बुझि लिएको भर्पाई ***अनुसूची ६*** बमोजिम पनि हुनु पर्नेछ । राजश्व शीर्षक नं. ११११११ मा कर दाखिला गर्नु पर्ने र उक्त रसिद केन्द्रमा बुझाउनु पर्नेछ ।
- **हाजिरी :** सहभागीहरुको हाजिरी हुनुपर्नेछ । स्थानीय सहभागीहरु बाहेक, कार्यक्रम संयोजक र केन्द्र क्षेत्रका प्रतिनिधिहरु र अतिथिहरु सबैको हाजिर गराएको हुनु पर्नेछ । सो हाजिरीमा मिति र जिल्ला पनि उल्लेख गरिएको हुनु पर्नेछ ।
- **खाना खर्च** : खाना तथा खाजा खर्चमा कार्यक्रमको उपस्थितिको संख्याको आधारमा प्यान/भ्याट बिल हुनुपर्ने । खाजा नास्ताको बिल बापतको रकम सम्बन्धित होटलले बुझेको भर्पाई (***अनुसूची १२***) बमोजिम हुनुपर्ने र सो भर्पाईमा होटलको छाप लगाएको हुनुपर्नेछ ।
- **स्टेशनरी :** स्टेशनरी तथा फोटोकपीको कार्यक्रमको उपस्थितिको संख्याको आधारमा प्यान बिल हुनु पर्ने प्यान बिल हुनुपर्नेछ । स्टेशनरी तथा फोटोकपीको बिल बापतको रकम सम्बन्धित स्टेशनरी पसलले बुझेको भर्पाई (***अनुसूची १२*** बमोजिम) हुनुपर्नेछ र सो भर्पाईमा पसलको छाप लगाएको हुनुपर्नेछ । खरिद आदेश फारम तथा स्टोर दाखिला फारम हुनु पर्ने ।
- **सञ्चार :** सञ्चार शीर्षकमा मोबाईलको रिचार्जकार्डको प्रयोग गर्दा अनिबार्य प्यान बिल पनि हुनुपर्नेछ र साथै प्रयोग गरिसकिएको रिचार्ज कार्ड पनि नत्थी गर्नुपर्नेछ । मोबाइल टेलिफोनको रिचार्ज कार्ड कसले प्रयोग गरेको हो नाम तथा हस्ताक्षर हुनुपर्ने । रिचार्ज कार्ड रकम बुझि लिएको भर्पाई पनि साथै हुनुपर्ने ।
- **यातायात खर्च :** स्थानीय यातायात खर्चको लागि कहिले, कहाँ, कुन प्रायोजनको लागि गएको र कति रकम दाबी गरेको हो सबै उल्लेख भएको हुनुपर्नेछ र यातायात खर्च बुझिलिएको भर्पाई अनिबार्य नत्थी गर्नुपर्नेछ । **सहभागीलाई बराबर भागबण्डा गरी यातायात खर्च भनी वितरण गर्न पाइने छैन ।** वास्तविक खर्च, प्रमाण र भएसम्म टिकटको आधारमा यातायात खर्च भुक्तानी गर्नु पर्नेछ । टिकट नभएको अवस्था ***अनुसूची ११***को दावी फारम भर्नु पर्नेछ ।
- **खर्च सीमा :** खर्च गर्दा कार्यक्रममा बिनियोजन गरिएको बजेट रकमको सीमा भित्र रही खर्च गर्नुपर्नेछ । तोकिएको शीर्षकहरुमा मात्र सिमित रही खर्च गर्न सकिनेछ । तर आवश्यकता अनुसार एक शीर्षकको रकम अन्य शीर्षकमा खर्च गर्न सकिने छ । बजेट भन्दा बढी खर्च भएमा त्यसलाई जिल्ला शाखा स्वयंले बेहोर्नु पर्नेछ ।
- **बिल तथा भरपाइ** : बिल तथा भरपाइहरु केरमेट नगरिएको हुनु पर्नेछ ।
- **प्रमाणिकरण :** सम्पूर्ण खर्चका बिल, भर्पाई र भौचरहरु जिल्ला शाखाको अधिकार प्राप्त व्यक्तिले **"भुक्तानीको लागि स्वीकृत"** लेखी प्रमाणित गरेको हुनुपर्नेछ ।
- **अभिलेख :** सम्पूर्ण खर्चका बिल, भर्पाईहरु एकप्रति फोटोकपी गरि सम्बन्धित जिल्ला शाखाले राखी, सक्कल प्रति केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

## अनुसूची ३

## कार्यक्रम संयोजकसँग गरिने करारनामा पत्रको नमुना

यस गैसस महासंघ नेपाल जिल्ला शाखा………… (जसलाई यसपछि पहिलो पक्ष भनिने) र श्री ……………………………(जसलाई यसपछि दोस्रो पक्ष भनिने ) बीच गैसस महासंघ नेपाल जिल्ला शाखाले नेपालमा गैससहरुको जवाफदेहिता र सुशासन सबलिकरण (सगोन) परियोजना अन्तर्गत गर्न लागिएको गैसस आचार संहिता, इस्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन निर्देशिकाको अनुगमन कार्यक्रम लागि तपशिल अनुसारको शर्त भित्ररही सम्झौता गरिएको छ ।

**शर्तहरु :**

**दोश्रो पक्षका मुख्य जिम्मेवारीहरु निम्न बमोजिम हुनेछ :**

- महासंघले जारी गरेको  कार्यक्रम संचालन निर्देशिका बमोजिम व्यवस्थापन गर्नुपर्ने ।
- कामको जिम्मेवारी प्राप्त गरेको दिनदेखि नै कार्यक्रमका गतिविधिहरुलाई अध्ययन गर्दै र आवश्यक कामहरु गदै जानु पर्ने । जिल्ला शाखा, क्षेत्र र केन्द्रसँग समन्वय गर्नु पर्ने ।
- कार्यक्रम पूर्व गरिने क्रियाकलापहरु जस्तै समय, मिति, स्थान आदिको निर्धारण, सहभागी छनौट, खाना नास्ताको व्यवस्था, मसलन्द आदिको लागि जिल्ला शाखालाई सहयोग गर्नुपर्ने ।
- सहजकर्ता, सहभागी, अनुगमनकर्ता, अतिथि र अन्य सम्बन्धित निकायलाई व्यवस्थित ढंगबाट संचार तथा समन्वर्य गर्ने र समयमा नै जानकारी दिने आदि जस्ता काम गर्नुपर्ने ।
- गतिविधिहरुको टिपोट र अभिलेखीकरण गर्ने ।
- कार्यक्रम सम्पन्न भए पश्चात त्यसको समीक्षा गर्ने ।
- वित्तीय निर्देशिकामा आधारित भई हरेक गतिविधिहरु अगाडि बढाउने ।
- कार्यक्रम पश्चात आपूर्तिकर्ताहरुलाई भुक्तानी दिने, हिसाव किताव चुस्त दुरुस्त बनाएर राख्ने ।
- अनुगमन तथ्यांक तथा प्रतिवेदन तथा खर्चसँग सम्बन्धित कागजातहरु गरी ७ दिन भित्रमा केन्द्रीय कार्यालयमा पठाउने ।

**पहिलो पक्षको जिम्मेवारी :**

- कार्य गरेवापत पहिलो पक्षले दोस्रो पक्षलाई  कर सहित रु २००० (अक्षरुपी पाँच हजार रुपैंया मात्र ।) भुक्तानी दिनेछ । भुक्तानी गरिने रकममा नेपाल सरकारको आयकर ऐन २०५८ बमोजिम १५ प्रतिशतको दरले हुन आउने रकम रु. ३००।- (अक्षरुपी तीन सय पचास मात्र ।) करकट्टी गरि बाँकी रकम रु. १७०० (अक्षरुपी एक हजार सात सय मात्र) प्रदान गर्नेछ ।
- यस करारको समयावधि मिती…………….देखि…………………..सम्मको हुनेछ ।

दोस्रोपक्षले आवश्यक शर्त वाहिर रही गलत तरिकाले सूचना संकलन गरेको पाईएमा वा तोकिएको समयमै कार्य सम्पादन नगरेमा वा लापर्वाही देखिएमा पहिलो पक्षले कुनै  पनि समयमा यस सम्झौता रद्द गर्न सक्नेछ ।

| पहिलो पक्ष जिल्ला शाखाको तर्फबाट | दोश्रोपक्ष (कार्यक्रम संयोजकको) तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम : | नाम : |
| पदः | पद : |
| मिति : | मितिः |
| (जिल्ला शाखाको छाप) | |

## अनुसूची ४

## नमुना करार पत्र (अनुगमनकर्ता)

यस गैसस महासंघ नेपाल ..................... (जसलाई यसपछि पहिलो पक्ष भनिने ) र श्री .................................(जसलाई यसपछि दोस्रो पक्ष भनिने ) बीच **नेपालमा गैससहरुको जवाफदेहिता र सुशासन सबलिकरण (सगोन)** परियोजना अन्तर्गत गर्न लागिएको गैसस आचार संहिता, इस्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन निर्देशिकाको अनुगमन कार्यक्रम लागि लागि तपशिल अनुसारको शर्त भित्ररही सम्झौता गरिएको छ ।

**आवश्यक शर्तहरु :**

- दोश्रो पक्षले गैससहरुले पालना गर्नुपर्ने आचार संहिता, स्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन निर्देशिकाको बारेमा राम्ररी अध्ययन गर्नु पर्नेछ र अनुगमन गरिने गैससहरुको नमूना छनौटको लागि जिल्ला शाखालाई आवश्यक सहयोग गर्नु पर्नेछ। नमूना छनौटमा परेका गैससहरुहरुको भेलामा प्रत्येक्ष सहभागी बन्नु पर्नेछ र अनुगमन छलफल कार्यक्रममा सहजिकरण गर्नु पर्नेछ । छलफलबाट प्राप्त तथ्य तथ्यांकहरुको संकलनमा सहयोग गर्नु पर्नेछ ।

- यस कार्य गरेवापत पहिलो पक्षले दोस्रो पक्षलाई रु. २०००।- भुक्तानी गरिनेछ । भुक्तानी गरिने रकममा नेपाल सरकारको आयकर ऐन २०५८ बमोजिम स्रोतमा कर कट्टी शीर्षकमा १५ प्रतिशत को दरले हुन आउने रकम रु. ३००।- करकट्टी गरि बाँकी रु. १७००।- प्रदान गर्नेछ । र अन्य सुविधा परियोजनाले व्यवस्था गरेअनुरुप मात्र हुनेछ ।

- यस करारको समयावधि मिती.................देखि.......................सम्मको हुनेछ ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम : | नाम : |
| पदः | पद : |
| मिति : | मितिः |
| (जिल्ला शाखाको छाप) | |

*अनुसूची ५*

# गैसस आचार संहिता, इस्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन निर्देशिकाको अनुगमन कार्यक्रम

**सहभागीको हाजिरी फाराम**

**मिति :**

| क्र.सं. | नाम | संस्था | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची ६**

**नेपालमा गैससहरुको जवाफदेहिता र सुशासन सबलिकरण परियोजना**

गैसस आचार संहिता, इस्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन निर्देशिकाको
अनुगमन कार्यक्रम

# भरपाई

**जिल्ला शाखा :** **मिति :**

| **क्र.सं.** | **कार्यक्रम अनुगमनकर्ताको नाम** | **पारिश्रमिक (रु.)** | **१५% कर कट्टा (रु.)** | **जम्मा रकम (रु.)** | **रकम बुझी लिएको हस्ताक्षर** |
|---|---|---|---|---|---|
| | | २,०००।- | ३००।- | १,७००।- | |
| | | २,०००।- | ३००।- | १,७००।- | |
| | | २,०००।- | ३००।- | १,७००।- | |
| | **जम्मा** | ६,०००।- | ९००।- | ५,१००।- | |

## अनुसूची ७

**नेपालमा गैससहरुको जवाफदेहिता र सुशासन सबलिकरण परियोजना**

गैसस आचार संहिता, इस्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन निर्देशिकाको
अनुगमन कार्यक्रम

# भरपाई

## संयोजक भरपाई

**जिल्ला शाखा :** **मिति :**

| क्र.सं. | कार्यक्रम संयोजकको नाम | पारिश्रमिक (रु.) | १५% कर कट्टा (रु.) | जम्मा रकम (रु.) | रकम बुझी लिएको हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | | २,०००।- | ३००।- | ७००।- | |

अनुसूची ८

# गैसस महासंघ नेपाल

## नेपालमा गैससहरुको जवाफदेहिता र सुशासन सबलिकरण परियोजना

गैसस आचार संहिता, इस्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन निर्देशिकाको अनुगमन कार्यक्रम

# रिचार्ज कार्ड बुझिलिएको भरपाई

**जिल्ला शाखा :** **मिति :**

| क्र.सं. | रिर्चाज कार्ड प्रयोगकर्ताको नाम | रकम (रु.) | रिर्चाज कार्ड बुझी लिएको हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | **जम्मा** | | |

अनुसूची ९

# NGO Federation of Nepal

P.O. Box 7768, Buddhanagar, Kathmandu

Date : ………………

No.

## Purchase Order Form

To : ……………………………………………………………………………………………………

Please supply the following item(s) within ……………………………

| **S.No.** | **Description** | **Quantity** | **Unit Price Rs .** | **Total Price Rs.** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | In Words<br>………………………………………………………………….<br>…………………………………………………………………………………<br>…<br>…………………………………………………………………………………<br>… | Total | | |
| | | VAT | | |
| | | Grand Total | | |

……………………….                                                                ………………………

Prepared by                                                                Approved by

अनुसूची १०

# NGO Federation of Nepal

P.O. Box 7768, Buddhanagar, Kathmandu

Date : ……………………….

No. 

## Store Receipt

P.O. No. ……………………

Received following item(s) from M/S ……………………………………………………………………………………………………

| **Quantity** | **Description** | **Unit Price Rs .** | **Total Price Rs.** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | **Total** | | |

……………………..

Received by

अनुसूची ११

# NGO Federation of Nepal

Buddhanagar, Kathmandu

## Tempo/Taxi / Rikshaw Expense Claim Receipt

Tempo/Taxi / Rickshaw used: from …………………………………… to ……………………………

Date: …………………………….

Purpose: ……………………………………………………………………………………………

Name of other staff (if any) ……………………………………………………………………..

Total expense: Rs…………………….. in word…………………………………………………………………………………….

Claimed by: Authorized by: Approved by: Received by:

………….. …………………… ……………… ……………………..

Name : …………………………………

Date: …………………………………….

Note: Please, fill up complete information.

अनुसूची १२

## रकम बुझिलिएको भर्पाई

भर्पाई दादै मिती ............................... मा गैर सरकारी संस्था महासंघ नेपाल, जिल्ला शाखा .............................................बाट ................................................................. बापत रु. ...................................।- (अक्षरुपी......................................................................) नगद/चेक नं............................ बाट बुझिलिई यो भर्पाई गरिदिएँ ।

**बुझिलिनेको दस्तखत/छाप:**
..........................
**नाम:**

**ठेगाना:**

**मिती:**

**बुझाउनेको दस्तखत**
..........................
**नाम:**

**पद:**

**मिती:**